एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

# NLG INSURANCE COMPANY LIMITED

Shree Bhawan, Panipokhari,
Lazimpat. P.O.Box 20600,
Kathmandu, Nepal
Tel. 4518113, 4542646, 4006502
4006648, 4006625, 4006509
E-Mail: info@nlgi.com.np

च.नं. १४९२/०८२/०८३

मिति : २०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेंज लि.,
सिंहदरबार प्लाजा,
**काठमाण्डौं ।**

NLG INSURANCE Co. LTD. KATHMANDU

**विषय :- बार्षिक साधारण सभा तथा शेयर दाखिला खारेज (Book close) र दर्ता बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०८ गते साँझको ५:०० बजे सम्पन्न ४९६ औं बैठकको निर्णय अनुसार कम्पनीको २०औं वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते बस्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछौं ।

उपर्युक्त वार्षिक साधारण सभामा निम्न बमोजिमका विवरणहरु रहेको व्यहोरा अनुरोध गर्दछौं ।

- नगद लाभांश ३.०० (तीन दशमलव शून्य) प्रतिशतका दरले रु. ७,६९,५६,७३३/- रकम ।
- बोनस शेयरको रुपमा लाभांश ४.०० (चार दशमलब शून्य) प्रतिशतका दरले रु. १०,२६,०८,९७८/- रकम ।
- बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि ० ०.३६८४ (शून्य दशमलब तीन छ आठ चार) प्रतिशतका दरले रु. ९४,५०,८२७/- नगद लाभांशबाट समायोजन ।
- हकप्रद शेयर प्रतिशत : नभएको ।

- **शेयर दाखिला खारेज मिति (Book close) : २०८२/०९/२२ गते, मंगलबार एक दिनको लागि ।**
- हालको चुक्ता पूँजी : रु. २,५६,५२,२४,४३२.००
- वार्षिक साधारण सभाको मिति : २०८२/०९/३० गते, बुधबार ।

सो वार्षिक साधारण सभा सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदिय,

(मनोज श्रेष्ठ)
कम्पनी सचिव

**संलग्न :**
**कम्पनीको २०औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचनाको प्रतिलिपी – १ थान**


| Regional Offices: | Branch Offices: | | Sub - Branch Offices: | | | | |
|---|---|---|---|---|---|---|---|
| Biratnagar: 503130 | Dhangadhi: 417315 | Lamjung: 520959 | Rajbiraj 530493 | Mahendranagar: 522221 | Dhading: 520779 | Dailekh: 410248 | Damauli : 564901 |
| Birgunj: 520191 | Itahari: 587332 | Dharan: 537225 | Banepa: 663028 | Bhaktapur: 6620247 | Chandrauta: 540520 | Gwarko: 5186034 | Kusma : 420107 |
| Bhairahawa: 573433 | Damak: 585404 | Janakpur: 590561 | Baglung: 522660 | Bardiya: 420117 | Tansen: 521671 | Rukum: 530411 | Kalaiya : 551806 |
| Nepalganj: 535163 | Salyan: 400199 | Narayangarh: 517843 | Tikapur: 561476 | Sarlahi: 501620 | Gongabu: 4958941 | Kawasoti: 540596 | Dolpa : 550145 |
| Lalitpur: 5420331 | Hetauda: 521030 | Dang: 562605 | Waling: 442734 | Lahan: 565393 | Kohalpur: 540972 | Parsa: 582536 | Simara : 521297 |
| Pokhara: 553648 | Butwal: 537141 | Kalanki: 5234543 | Chandannath: 520504 | Durbarmarg, Ktm: 4250641 | Dulegauda: 414272 | Sunwal: 570547 | Rangeli : 580148 |
| | Birtamode: 533825 | New Baneshwor: 4594121 | Phidim: 523094 | Dadeldhura: 410257 | Chandranigahpur: 540065 | Tulsipur: 523475 | Attariya : 550917 |
| | | | Surkhet: 525091 | Boudha: 4591541 | Battar: 560654 | Gorkha: 420057 | Kakarvitta : 567429 |
| | | | | | | Ekantakuna: 5423083 | Lekhnath : 564907 |

## एनएलजी इन्स्योरेन्स कम्पनी लि. को
## २०औं (बीसौं) वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०९/०८ गते मंगलबार अपरान्हको ४:०० बजे बसेको संचालक समितिको ४९६ औं बैठकको निर्णयानुसार कम्पनीको २०औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयमा छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफु स्वयं वा रीतपूर्वकको प्रतिनिधी मार्फत उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष ३० गते, बुधबार (तदनुसार १४ जनवरी, २०२६)

समय : दिनको ०१:३० बजे

स्थान : सिल्भर ओक ब्याङ्केट एण्ड ईभेन्ट्स सेन्टर, गैह्रिधारा, काठमाण्डौं ।

**छलफलका विषयहरु :**

**विषय सूची :**

**(क) साधारण प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ साल आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्तापुँजी रु. २,५६,५२,२४,४३२/- (अक्षरेपि दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबिस हजार चार सय बत्तिस रुपैंया) को ३.०० (तीन दशमलव शून्य) प्रतिशतको दरले रु. ७,६९,५६,७३३/- (अक्षरेपि सात करोड उनान्सत्तरी लाख छपन्न हजार सात सय तेत्तीस रुपैंया) नगद लाभांश पारित गर्ने ।

(५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नगद लाभांश र वोनस शेयर वापतको कर प्रयोजनको लागि ०.३६८४ (शून्य दशमलव तीन छ आठ चार) प्रतिशतका दरले रु. ९४,५०,८२७/- (अक्षरेपि चौरानब्बे लाख पचास हजार आठ सय सताईस रुपैंया) नगद लाभांश पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्तापुँजी रु. २,५६,५२,२४,४३२/- (अक्षरेपि दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबिस हजार चार सय बत्तिस रुपैंयाँ) को ४.०० (चार दशमलब शून्य) प्रतिशतको दरले रु. १०,२६,०८,९७८/- (अक्षरेपि दस करोड छब्बीस लाख आठ हजार नौ सय अठहत्तर रुपैंयाँ) बराबर वोनस शेयर वितरण गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

(२) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापुँजी बृद्धि भई रु.२,६६,७८,३३,४०९/- (दुई अर्ब छैसाठी करोड अठहत्तर लाख तेत्तीस हजार चार सय नौ रुपैंया) पुग्ने हुँदा सोही अनुसार जारी तथा चुक्तापुँजी प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(३) कम्पनीको संचालक समितिको अध्यक्ष तथा संचालकलाई प्रदान गरिएको बैठक भत्ता उल्लेख गर्ने गरी कम्पनीको नियमावली को नियम १६ (१) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(४) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ग) बमोजिम आ.व. २०८१/८२ मा भएको खर्च अनुमोदन गर्ने ।

(५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

NLG INSURANCE Co. LTD. KATHMANDU

(ग) **सर्वसाधारण लगानीकर्ता (शेयरधनीहरुको समूह "ख") बाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा । (निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजिम्पाट) स्थित सूचनापाटीमा प्रकाशित गरे बमोजिम हुनेछ ।)**

(घ) **विविध :**

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**

१. २०औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८२ साल पौष २२ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२ साल पौष २२ गते भन्दा अघिल्लो कार्य दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हुँदा सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।

२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधी मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने छन् । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधी नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधी पत्र यस कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजिम्पाट) काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ ।

३. प्रतिनिधी पत्र (प्रोक्सी) दिने महानुभावको दस्तखत उपरोक्त शेयर किन्दाको अवस्थामा आफुले गरेको दस्तखतसंग मिल्नु पर्नेछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।

५. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन । प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले प्रतिनिधि (प्रोक्सी) दिए पछि स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा मुकरर गरिएको प्रोक्सी स्वतः बदर हुने छ ।

६. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनाई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।

७. यस साधारण सभा सम्बन्धी सूचना प्रत्येक शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर/हुलाक मार्फत पठाइएको छ । शेयरधनी महानुभावहरुले उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधार मानी सभामा उपस्थित हुन अनुरोध छ ।

८. आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nlgi.com.np) मा हेर्न सकिनेछ ।

९. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुने अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

१०. साधारण सभाको हाजिरी पुस्तिका दिनको ११:०० बजे देखि खुल्ला रहने छ ।

NLG INSURANCE CO. LTD. KATHMANDU

११. सभा सम्बन्धी अन्य काम कार्यवाही कम्पनी ऐन २०६३, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०८० तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम हुनेछ ।

१२. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजिम्पाट) मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

NLG INSURANCE Co. LTD. KATHMANDU

संचालक समितिको आज्ञाले
कम्पनी सचिव